नेपाल सरकार
शिक्षा मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(गोरखापत्रमा सूचना प्रकाशित मिति २०६६ जेठ गते)

यस केन्द्रको सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत बाल ज्ञानकोश सामग्री स्पेसिफिकेसनअनुसार छपाई गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक प्रेसहरूबाट देहायका सर्तबमोजिम रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**<u>तपसिल</u>**

१. बोलपत्रको लागि फर्म दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ३००।- (फिर्ता नहुने) बुझाई यस केन्द्रबाट खरिद गर्न सकिने छ । सो दरभाउपत्रमा दररेट भरी सहीछाप गरी सिलबन्दी गरेको र खाम बाहिर बाल ज्ञानकोश भनी उल्लेख भएको हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र खरिद गरी सक्नुपर्ने छ ।

३. दरभाउपत्रमा सामानको दररेट अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ ।

४. यो सूचना प्रथम पटक प्रकाशित मितिले सोह्रौँ दिनको १.०० बजेभित्र दरभाउपत्र यस केन्द्रमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता हुन आएका दरभाउपत्रहरू सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

५. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिने छ ।

६. जमानत वापत दरभाउपत्र साथ कबोल अङ्कको २.५% बराबरको रकमको कम्तीमा ९० दिन म्याद भएको बिडबन्ड वा ने.बै.लि. भक्तपुर स्थित यस केन्द्रको धरौटी हि.नं. ३१६८ख३/१९-५१-८५१५ मा जम्मा गरेको भौचर पेस गर्नुपर्ने छ र दरभाउपत्र स्वीकृत भइसकेपछि स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको ५% बराबरको कम्तीमा ९० दिन म्याद भएको परफरमेन्स बन्ड वा नपुग धरौटी रकम थप जम्मा गर्नुपर्नेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

९. दरभाउपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा यस केन्द्रमा बुझ्न सकिनेछ ।

१०. यो सूचना यस केन्द्रको वेवसाइट www.moescdc.gov.np मा पनि हेर्न सकिने छ ।